नेपाल सरकार
# सामान्य प्रशासन मन्त्रालय
निजामती सेवा दिवस सचिवालय,२०६८

फोन 4200365
फ्याक्स : +977 –1 4200238
सिहंदरवार, काठमाडौ
E-mail:info@moga.gov.np
Website :www.moga.gov.np

पत्र संख्याः- यो.तथा ज.श.वि.०६८/०६९
चलानी नं.ः-६

मिति २०६८।४।८

विषयः **निजामती सेवा पुरस्कारको लागि सिफारिस गरी पठाउने बारे ।**

श्री .............मन्त्रालय/आयोग/सचिवालय/कार्यालय

निजामती सेवा नियमावली, २०५०(**नवौ संसोधन**) को नियम ११६ (क) उपनियम २ मा व्यवस्था भएको समितिको मिति २०६८।४।६ को निर्णयअनुसार सवै मन्त्रालय/आयोग/सचिवालयसंग निजामती सेवा पुरस्कार सिफारिस गर्ने निर्णय गरेको छ । तसर्थ यसैपत्रसाथ संलग्न कागजातहरुको आधारमा देहाय अनुरुप गरी आर्थिक वर्ष २०६७६८ को निजामती सेवा पुरस्कारको लागि शिफारिस गरिएका निजामती कर्मचारीहरुको नामावली पठाउन निर्णयानुसार अनुरोध छ ।

१.सवै मन्त्रालय/आयोग/सचिवालयले निजामती सेवा पुरस्कार शिफारिस सम्वन्धि आधारहरु, निजामती सेवा पुरस्कार सिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि, पुरस्कारको लागि कर्मचारी शिफारिस गर्दा भरेर पठाउनु पर्ने फाराम आफ्नो वेभसाईट र सूचना पाटीमा प्रकाशन गरी २०६८।४।८ गतेवाट १५ दिनको म्याद दिई पुरस्कार दावीको लागि सवै निजामती कर्मचारीलाई सम्वन्धित मन्त्रालय/आयोग/सचिवालयले आह्वान गर्ने

२.मिति २०६८।४।२३ सम्ममा पुरस्कारको लागि दावी गरेको निवेदन सम्वन्धित मन्त्रालय/आयोग/ सचिवालयले आफ्नो वेभसाईट र सूचना पाटीमा प्रकाशन गर्ने ।

३. मिति २०६८।४।२४ देखि ७ दिनसम्म प्रकाशन भएको नामावलीमा उजुरी गर्न सक्ने व्यहोरा उल्लेख गरी प्रचार प्रसारको लागि वेभसाईट र सुचना पाटीमा राख्ने र सोहि अवधिभित्र छानविन गरी पुरस्कारको लागि योग्य कर्मचारीको नामावली वेभसाईट र सुचना पाटीमा प्रकाशन गर्ने ।

४.२०६८ श्रावण मसान्तभित्र निजामती सेवा पुरस्कारको लागि शिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि समेत अनुसार पुरस्कारको लागि योग्य कर्मचारीको नामावली सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

**नोटः** निजामती सेवा पुरस्कार शिफारिस सम्वन्धि आधारहरु, पुरस्कारको लागि कर्मचारी शिफारिस गर्दा भरेर पठाउनु पर्ने फारामहरु संलग्न गरी अनिवार्य रुपमा भरि पठाउनु पर्नेछ

( रामुराज कडरिया)
उप सचिव